बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

मा. गिर बहादुर तामाङ

मन्त्री



## शुभकामना सन्देश

३४ औं अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस, २०२६ को अवसरमा "शान्ति र मानव अधिकारका लागि एकजुटः सबैका लागि सुरक्षित घर" **(United for Peace and Human Rights: Safe Homes for All)** भन्ने मूल नाराका साथ सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९९३ देखि हरेक वर्ष अक्टोवर १७ मा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस विश्वव्यापी रुपमा मनाउने गरिएको छ।

गरिबी मानव विकास, सामाजिक न्याय, समानता र समृद्धिको प्रमुख चुनौतीका रूपमा रहेको छ। गरिबी केवल आर्थिक अभाव मात्र नभई शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, सम्मानजनक जीवन तथा अवसरमा पहुँचको अभावसँग पनि जोडिएको विषय हो। गरिबी निवारणका लागि राज्यका प्रयाससँगै स्थानीय समुदाय, निजी क्षेत्र, विकास साझेदार तथा नागरिक समाजको सहकार्य अपरिहार्य हुन्छ। बागमती प्रदेश सरकारले स्वास्थ्यमा समान पहुँच, सामाजिक सुरक्षा, रोजगारी सिर्जना, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक समावेशीकरण मार्फत गरिबी न्यूनीकरण र नागरिकको जीवनस्तर सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। सुरक्षित, समतामूलक र मर्यादित जीवनयापनको अवसर सबै नागरिकको अधिकार हो।

यस दिवसले हामी सबैलाई गरिबीको मूल कारण पहिचान गरी तत्कालीन राहतभन्दा दीर्घकालीन आत्मनिर्भरता, अवसरको समानता र सामाजिक सुरक्षामा आधारित दिगो समाधानतर्फ अघि बढ्न प्रेरणा प्रदान गरोस्। बागमती प्रदेशका कुनै पनि नागरिक गरिबी, भोक, विभेद, असुरक्षा र अवसरको अभावका कारण सम्मानजनक जीवनबाट वञ्चित हुन नपरोस् भन्ने साझा संकल्पका साथ समतामूलक, न्यायपूर्ण, समावेशी र समृद्ध प्रदेश निर्माणमा हातेमालो गर्न सम्पूर्ण प्रदेशवासीमा हार्दिक आह्वान गर्दछु। अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस, २०८३ ले सबैका लागि सुरक्षित घर, समान. अवसर, मानव अधिकारको सम्मान र सामाजिक न्याय सुनिश्चित गर्ने हाम्रो सामूहिक प्रतिबद्धतालाई अझ बलियो हुने विश्वास लिइएको छु।

धन्यवाद।

वि.सं. २०८३ असोज ३१ गते

नेपाल संवतः१४४६ कौलाथ्व सप्तमी

मा. गिर बहादुर तामाङ

मन्त्री

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२१५८९, ०५७-५२३१७९ र ०५७-५२३८२९

इमेलः mosd@bagamati.gov.np, वेबसाइटः mosd.bagamati.gov.np